# रौतामाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

भुट्टार, उदयपुर

१ नं. प्रदेश, नेपाल

पत्र संख्या:- ०७६/७७

च.नं. :- ४०२

मिति : २०७६/०७/१८

**विषय :- बेरोजगार फारम पूर्ण रुपमा भर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा रोजगारीको हक सम्वन्धी ऐन, २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ बमोजिम बेरोजगार व्यक्तिको रुपमा सुचिकृत भई न्युनतम रोजगारीमा संलग्न हुन इच्छुक उम्मेदवारहरुको बेरोजगार फारम संकलन गर्ने कार्य गत आ.व. २०७५/०७६ को बैशाखमा भएको व्यहोरा सबैमा अवगत नै छ ।

रोजगार सेवा केन्द्रमा सुचिकृत उक्त व्यक्तिहरुको सम्पूर्ण विवरण रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा दर्ता ( Entry) गर्नु पर्ने तर फारममा भर्नुपर्ने विवरण अपूर्ण भएकोले सफ्टवेयरले अपुरो विवरण स्वीकृत नगर्ने हुदा सम्वन्धित व्यक्तिहरुले आफ्नो आवेदनमा तपशिल बमोजिमका अपुग विवरणहरु यही मिति २०७६/०७/२९ गते भित्र स्थित वडा कार्यालयमा आई भर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ । अन्यथा यस अघि भरेको अपुरो फारम रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS ) मा दर्ता नहुने हुदा उक्त फारम स्वत रद्द हुने र सो को जिम्मेवारी बेरोजगार व्यक्ति लिनु पर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सुचित गरिन्छ ।

तपशिल :

- पारिवारिक विवरण : एकै परिवारका सम्पुर्ण सदस्यहरुको नाम, नाता, जन्म मिति, नागरिकता भए नागरिकता नम्बर, जारी जिल्ला, जारी मिति निवेदनमा उल्लेख गर्नुपर्ने ।
- निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको शैक्षिक योग्यता, सिप/दक्षता, रोजगारीको अवस्था ।
- निवेदकको फोटो र नागरिकताको प्रतिलिपि ।
- स्थायी वासस्थान खुल्ने आवश्यक कागजातको फोटोकपी, नागरिकता, बसाईसराई, विवाह दर्ता ।
- कुल वार्षिक पारिवारिक आम्दानी, परिवारका कुनै सदस्यले सामाजिक सुरक्षा भत्ता तथा अन्य (पेन्सन) सुविधा पाए/नपाएको र काम गर्ने समय अनिवार्य रुपमा भर्नुपर्नेछ ।
- निवेदकको mobile number, बैंक खाता नम्बर , कामको अनुभव आदि अन्य सबै विवरण ।

२०७६।०७।१८

सम्वराज राई

प्रमुख प्रशासकिय अधिकृत

नोट : माथि उल्लेख विवरण पुरा नहुने निवेदन उपर कुनै सुविधा ( रोजगारी ,निर्वाह भत्ता ) उपलब्ध गराउन असमर्थ हुनछौं ।